# मिति २०८०।०७।२३ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना

**नेपाल सरकार**

**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

**लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र**

**त्रिपुरेश्वर, काठमाडौं**

## औद्योगिक तथा प्रविधि प्रदर्शनीका लागि सहयोग सम्बन्धी सूचना

**(प्रकाशित मितिः- २०८०/०७/२३)**

यस लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको आ.व. २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रममा औद्योगिक तथा प्रविधि प्रदर्शनी कार्यक्रम अन्तर्गत उद्योग क्षेत्रसँग सम्बन्धित संस्थालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनीका लागि सहयोग प्रदान गर्ने कार्यक्रम रहेको हुँदा यसै आर्थिक वर्षमा प्रदर्शनी सञ्चालन गर्न सहयोग आवश्यक पर्ने संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस केन्द्रको वेवसाइट www.mcsipc.gov.np मा रहेको लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०८० को परिच्छेद ८ मा उल्लेख भए बमोजिमका कागजात तथा विवरणसहित सहयोग मागका लागि यस केन्द्रमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त प्रस्तावहरुको छनौट कार्यविधिमा उल्लिखित छनौटका आधारहरुमा केन्द्रले निर्धारण गरेको मापदण्ड बमोजिम मूल्याङ्कन गरिनेछ। साथै, यो सूचना प्रकाशित हुनु अघि यस केन्द्रमा प्रस्ताव पेश गरिसकेका संस्थाहरुले समेत यसै सूचनाको म्यादभित्र कार्यविधिमा उल्लेख भए बमोजिमका कागजात तथा विवरणसहित पुनः प्रस्ताव पेश गर्न हुन समेत सूचित गरिन्छ।